# कास्की जिल्ला अदालत
## पोखरा
**प्रथम पटक प्रकाशित मिति २०७३।०७।१२**

यस अदालतको पुरानो भवनतर्फ विद्युत वायरिङको कार्य र जि.न्या.आवासमा गार्ड हाउस निर्माणको कार्य गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र दरभाउ पत्र वापत रु.१,०००।- (फिर्ता नहुने गरी) बुझाई आ.व. २०७३।०७४ सम्म मान्यता भएको ठेक्का ईजाजत पत्र, मु.अ.कर प्रमाण पत्र, आ.व. २०७२।०७३ सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी इच्छुक दरभाउ पत्र दाताले लिखित निवेदन दिई यस अदालतबाट दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

२. दरभाउ पत्र साथ जमानत वापत हुने रकम गार्ड हाउसको रु.३१,४९३।- र विद्युत वायरिङको रु.३६,१३२।- नेपाल राष्ट्र बैंक पोखरा स्थित को.ले.नि.का. कास्कीको धरौटी खाता नं. १८०१२००-००१-००२-५२४ मा नगद दाखेला गरी सो भौचर वा कम्तीमा ७५ दिन मान्य अवधि रहेको "क" बर्गको बैंकको बैक जमानत पत्र शिलवन्दी दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।

३. शिलवन्दी दरभाउ पत्र साथ आफ्नो कालो सूचीमा नपरेको भन्ने स्वयं घोषणापत्र र सि.नं. १ मा उल्लेखित कागजातको प्रमाणित प्रतिलिपी समेत राखी पेश गर्नुपर्नेछ।

४. शिलबन्दी दरभाउ पत्र दाताले दरभाउ पत्र फारममा आफूले कवोल गरेको दर रेट अंक र अक्षरमा प्रष्टसँग लेखी दरभाउ पत्रको अन्त्यमा सहिछाप गरेको हुनुपर्नेछ। दरभाउ पत्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुपर्नेछ ।

५. दरभाउ पत्र दाखिला गर्ने दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खोलेको दिन तोकिएको समयमा उक्त कार्य हुनेछ ।

६. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले पन्ध्रौ दिन दिनको ४:०० बजे भित्र दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ र सोह्रौ दिनको १२:०० बजेभित्र शिलबन्दी दरभाउ पत्र यस अदालतमा दर्ता गरिसक्नुपर्नेछ र सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधी र दरभाउ पत्र दाता वा प्रतिनिधिको रोहवरमा सो दरभाउ पत्र यसै अदालतमा खोलिनेछ ।

७. दर्ता भएको शिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

८. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) बमोजिम हुनेछ ।

| क्र.सं. | ठे.नं. | कामको विवरण | इष्टिमेट अङ्क (भ्याट बाहेक) | जमानत रकम |
|---|---|---|---|---|
| १ | १/०७३।७४ | गार्ड हाउस निर्माण कार्य | १०,६१,७१७।- | ३१,४९३।- |
| २ | २/०७३।७४ | विद्युत वायरिङ गर्ने कार्य | १२,१८,१०५।- | ३६,१३२।- |